# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) हेटौंडा, नेपाल, जेठ १४ गते, २०८१ साल (सङ्ख्या ०९

## भाग ३

### बागमती प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### हेटौंडा, नेपालको

## सूचना

### <u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण</u>

### <u>मापदण्ड, २०८१</u>

<u>**प्रस्तावना:**</u> लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणाअनुसार यसको प्रयोगलाई सरलीकृत रूपमा स्थानीयकरण गरी प्रदेश सरकारका मन्त्रालय तथा कार्यालयले सम्पन्न गर्ने सम्पूर्ण विकास योजना तथा

कार्यक्रमलाई प्रभावकारी बनाई स्रोतको सुनिश्चितता गर्दै उपलब्धिहरूको समतामूलक वितरण गर्न मापनका सूचकहरू तयार गरी जारी गर्न वाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो मापदण्ड बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "प्रदेश लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "आयोग" भन्नाले प्रदेश लोक सेवा आयोग, प्रदेश नीति तथा योजना आयोग र सोसरहका आयोगलाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले प्रदेश सरकारका आयोग, सचिवालय, निर्देशनालय, प्राधिकरण, परिषद्, निकाय वा कार्यालय सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकारका सबै मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँछ।

(घ) "योजना" भन्नाले समग्र विकास निर्माणसम्बन्धी कार्यको लागि तयार गरिएको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकीकृत सहरी विकास योजना, विषयगत गुरुयोजना, रणनीतिक योजनाजस्ता विषय सम्झनु पर्छ।

(ङ) "सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनयापन गर्न नपाएर गरिबी तथा सामाजिक रूपमा बञ्चितीकरणमा परेका समूहहरूलाई विकास निर्माण र कार्यसम्पादनका प्रक्रियामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चितता गर्ने कार्यलाई सम्झनु पर्छ।

(च) "लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति" भन्नाले कुनै कार्यालय वा सरकारका विभिन्न तहहरूमा लैङ्गिक समानता तथा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिका रूपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(छ) "सामाजिक समावेशी बजेट" भन्नाले महिला, विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदाय, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढङ्गले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ सो शब्दले सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशी अवस्थाको विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेटसमेत सम्झनु पर्छ।

(ज) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ।

(झ) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानूनबमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय गरी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ।

(ञ) "स्थानीयकरण" भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिति वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवम् अधिकतम उपयोग गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

(ट) "वञ्चित समूह" भन्नाले परम्परागतरूपमा लामो समयदेखि जातिय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, ज्येष्ठ नागरिक एवम् दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता सम्झनु पर्छ।

(ठ) "अल्पसङ्ख्यक" भन्नाले सङ्घीय कानूनबमोजिम निर्धारित प्रतिशतभन्दा कम जनसङ्ख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ।

(ड) "सीमान्तकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि परेका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका सङ्घीय कानूनबमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र

सो शब्दले अति सीमान्तकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

(ढ) "लैङ्गिक मापदण्ड समता" भन्नाले अवसर र न्यायबाट वञ्चित महिला वा पुरूषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने विशेष प्रयासलाई सम्झनु पर्छ।

(ण) "लैङ्गिक समानता" भन्नाले महिला र पुरूषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ।

(त) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला तथा पुरूष र विभिन्न सामाजिक समूहहरूबीचको असमान शक्ति सम्बन्धहरूलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरूका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्ने कार्यलाई सम्झनु पर्छ।

(थ) "लक्षित समूह" भन्नाले आर्थिक तथा सामाजिकरूपमा पिछडिएका दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुस्लिम तथा पिछडावर्ग एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ।

(द) "लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट" भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशी

लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनाबद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशी अवस्थाको विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी बजेट तर्जुमा गरिने प्रक्रियालाई सम्झनु पर्छ।

(ध) "लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण" भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरूषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसरजस्ता कुराको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रममार्फत् तोकिएको उद्देश्य हासिल भए/नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने कार्यलाई सम्झनु पर्छ।

(न) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले कुनै पनि योजनागत कार्य, नीति, नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा रहेका महिला तथा वञ्चितिमा परेका वर्गहरूलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

(ऩ) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक

वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषणसहित योजनाबद्धरूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ।

(प) "सामाजिक वञ्चितीकरणमा परेका समूहहरू" भन्नाले महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा भौगोलिकरूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई सम्झनु पर्छ।

(फ) "लैङ्गिक प्रभाव विश्लेषण" भन्नाले नीति तथा अभ्यासहरूको परीक्षण गरेर कुनै पनि योजना, कार्यक्रम तथा आयोजनाबाट महिला एवम् पुरूष कत्तिको लाभान्वित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्छ।

(ब) "सशक्तीकरण" भन्नाले विकासका अवसरबाट वञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रण नभएका अशक्त वा कमजोर वर्गलाई सूचना, पहुँच, क्षमता र आवाजका हिसाबले सशक्त र सबल बनाउने कार्यलाई सम्झनु पर्छ।

(भ) "लै.स.सा.स." भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## मापदण्डको उद्देश्य र मापन विधि

३. **मापदण्डको उद्देश्यः** यस मापदण्डको उद्देश्यहरु देहायबमोजिम रहेका छन्ः-

(क) लै.स.सा.स. परीक्षणमार्फत प्रदेश सरकारका मन्त्रालय तथा कार्यालयहरूको संस्थागत संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समूहहरूलाई समावेश गरी लैङ्गिक समानता र सबै जातजातिको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरण गर्दै लैजाने,

(ख) महिला र सीमान्तकृत समूहहरूलाई समावेश गरी योजनाबद्ध रूपमा व्यक्तिगत र सामूहिक क्षमता अभिवृद्धि गरी प्रदेशको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने,

(ग) प्रदेश सरकारका मन्त्रालय र अन्तर्गतका कार्यालयहरूको सबै नीति, योजना तथा कार्यक्रम र बजेटको प्रत्येक चरणमा लै.स.सा.स.को दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने,

(घ) मन्त्रालय, कार्यालय र अन्य निकायहरूको नीति, योजना, बजेट र कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन पद्धतिमा लै.स.सा.स.लाई आन्तरिकीकरण गर्ने,

४. **<u>लै.स.सा.स. परीक्षण विधिः</u>** लै.स.सा.स. परीक्षण गर्ने संस्थागत लेखाजोखा विधि देहायका हुनेछन्ः-

(क) लैङ्गिक तथा सामाजिक समावेशी विकाससम्बन्धी नीति तथा कार्यक्रम,

(ख) लैङ्गिक उत्तरदायी बजेट,

(ग) संस्थागत संरचना तथा सहभागिता,

(घ) मानव संशाधन र क्षमता अभिवृद्धि,

(ङ) लैङ्गिकमैत्री वातावरण तथा कार्यस्थल।

५. **<u>अंक प्रदान गरिनेः</u>** (१) दफा ४ बमोजिम परीक्षण विधिका आधारमा देहायबमोजिम अंक प्रदान गरिनेछः-

(क) राम्रो देखिएमा १अङ्क,

(ख) मध्यम देखिएमा ०.५ अङ्क र

(ग) सुधार गर्नुपर्ने देखिएमा वा सो विषय हुँदै नभएमा ० अङ्क।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालय तथा निकायको कार्य जिम्मेवारीबमोजिम सूचक

कार्यान्वनयोग्य नभएमा सोको पुस्ट्याइँको आधारमा सम्बन्धित सूचकको गणना गरिने छैन।

## परिच्छेद-३

## लै.स.सा.स. मापनका सूचकहरू

६. **लै.स.सा.स.का कार्यगत सूचकहरुः** (१) लैङ्गिक समानताका लागि योजनाबद्ध विकासमा लैङ्गिक मूलप्रवाहीकरण गर्न, लैङ्गिक दृष्टिकोणबाट तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै लैङ्गिकमैत्री वातावरण सिर्जना गर्न र लैङ्गिक सम्वेदनशील योजना तर्जुमा तथा कार्यान्वयनमा लैङ्गिक दृष्टिकोण लगाई लैङ्गिक समता र सामाजिक समावेशीकरणको स्थिति प्राप्ति गर्नका लागि मार्गनिर्देश गर्न देहायका कार्यगत सूचकहरु रहनेछन्ः-

(क) कार्यालयमा लै.स.सा.स. सम्पर्क व्यक्ति र विन्दुको स्थापना,

(ख) योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनलगायत नीति निर्माण प्रक्रियामा सम्पर्क विन्दुको सक्रिय सहभागिता,

(ग) लै.स.सा.स.मैत्री मानवस्रोत व्यवस्थापन,

(घ) लैङ्गिकमैत्री शौचालयको व्यवस्था,

(ङ) लै.स.सा.स.सम्बन्धी क्षमता अभिवृद्धि र तालिम सञ्चालन,

(च) लै.स.सा.स.मैत्री (लैङ्गिक, अपाङ्गता, बाल, ज्येष्ठ नागरिक) पूर्वाधारको निर्माण तथा प्रयोगको सुनिश्चितता,

(छ) गर्भवती तथा सुत्केरीअवस्थाका कर्मचारीहरूको लागि सुविधाजनक समय, स्तनपान कक्ष तथा कार्यस्थलको व्यवस्था,

(ज) कार्यस्थलमा हुने हिंसा तथा दुर्व्यवहार निवारणको लागि गुनासो सुनुवाई एकाइ गठन, हिंसाविरुद्ध शुन्य सहनशीलता, आचारसंहिताको परिपालना र सम्पर्कविन्दुलाई स्पष्ट कार्यविवरणको व्यवस्था,

(झ) लैङ्गिक खण्डीकरण तथ्याङ्क सङ्कलन, व्यवस्थापन तथा अद्यावधिक गर्ने व्यवस्था,

(ञ) लैङ्गिक समानताका बारेमा विभिन्न सञ्चार माध्यमबाट जानकारीमूलक कार्यक्रम स्थानीय भाषामा प्रसारण गर्ने व्यवस्था,

(ट) विद्यालय तथा उच्च शिक्षाका पाठ्यक्रम लै.स.सा.स.मैत्री विषयवस्तु समावेश गर्ने र सुधार,

(ठ) प्रदेशभित्रका विभिन्न समिति तथा उपसमितिहरूमा समावेशिताको सिद्धान्तलाई अवलम्वन गर्ने।

(२) उपदफा (१) बमोजिमको लै.स.सा.स. कार्यगत सूचक परीक्षण अनुसूचीबमोजिम मापन हुनेछ।

## परिच्छेद-४

## संस्थागत संरचना

७. **निर्देशक समितिः** (१) यस मापदण्डको कार्यान्वयनमा निर्देशन, अनुगमन तथा मूल्याङ्कन गर्न/गराउनका लागि देहायबमोजिमको लै.स.सा.स. निर्देशक समिति रहनेछः-

(क) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -संयोजक

(ख) सचिव (सबै), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) सचिव, सबै मन्त्रालय/आयोग -सदस्य

(घ) संयोजकले तोकेको एक जना महिलासहितको दुई जना लै.स.सा.स. विज्ञ -सदस्य

(ङ) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य-सचिव

(२) समितिको बैठकमा आवश्यकताअनुसार अन्य विषयक्षेत्रगत विज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ।

(४) समितिले बैठकसम्बन्धी कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

८. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u>** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) लै.स.सा.स.को मर्म र उद्देश्यअनुरुप सबै मन्त्रालय र मातहतका निकायलाई वार्षिक बजेट, योजना तथा कार्यक्रम तर्जुमा गर्न निर्देशन दिने,

(ख) सबै मन्त्रालय र मातहतका निकायमा लै.स.सा.स. सम्बन्धी सम्पर्क विन्दु स्थापना गर्न निर्देशन दिने,

(ग) लै.स.सा.स. सम्बन्धी खण्डीकरण तथ्याङ्कको सङ्कलन, व्यवस्थापन र विश्लेषण गरी योजना तर्जुमा गर्दा उक्त तथ्याङ्कहरूलाई प्रयोग गर्ने व्यवस्था मिलाउने,

(घ) लै.स.सा.स. कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा सरोकारवाला निकायसँग समन्वय र सहजीकरण गर्ने,

(ङ) कर्मचारीहरूको क्षमता अभिवृद्धिसम्बन्धी तालिमको व्यवस्था गर्न निर्देशन गर्ने,

(च) मन्त्रालय र निकायगत सम्पर्क विन्दुको काम, भूमिकाको प्रभावकारिता प्रवर्द्धन गर्न अनुगमन तथा मूल्याङ्कन, छलफल, समीक्षा गर्ने।

९. **<u>लै.स.सा.स.कार्यान्वयन समितिः</u>** (१) यस मापदण्डको कार्यान्वयनमा सहजीकरणको लागि देहायबमोजिमका एक लै.स.सा.स. कार्यान्वयन समिति रहनेछः-

(क) सामाजिक विकास मन्त्रालयको सचिव -सदस्य

(ख) मन्त्रालय/आयोगका महाशाखा प्रमुख/अधिकृतस्तर प्रतिनिधि -सदस्य

(ग) सामाजिक विकास मन्त्रालयको सामाजिक विकास महाशखा प्रमुख -सदस्य-सचिव

(२) लै.स.सा.स. कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः लै.स.सा.स. समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछः-

(क) मन्त्रालय र आयोगबाट प्राप्त प्रतिवेदनको आधारमा प्रदेशको लै.स.सा.स. सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी निर्देशक समितिमा पेश गर्ने,

(ख) प्रदेश मन्त्रालय/आयोगमा लै.स.सा.स. सम्पर्क व्यक्ति र विन्दु निर्माण गर्न आवश्यक व्यवस्था मिलाउने,

(ग) लै.स.सा.स. सम्पर्क व्यक्तिहरु तथा अन्य कर्मचारीहरुको क्षमता अभिवृद्धिसम्बन्धी तालिमको व्यवस्था गर्ने,

(घ) लै.स.सा.स. सम्पर्क व्यक्तिहरुबीच समन्वय र सहजीकरण गर्ने,

(ङ) लै.स.सा.स. सम्पर्क व्यक्ति तथा विन्दुको काम तथा भूमिकाको प्रभावकारिताबारे अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) निर्देशक समितिको निर्देशनबमोजिमको कार्य गर्ने/गराउने।

१०. **लै.स.सा.स. सम्पर्क व्यक्तिसम्बन्धी व्यवस्थाः** (१) मन्त्रालय, आयोग र कार्यालयले लै.स.सा.स. सम्पर्क व्यक्ति व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्पर्क व्यक्तिकोरुपमा अधिकृतस्तरको कर्मचारीलाई तोक्नुपर्नेछ।

(३) लै.स.सा.स. सम्पर्क व्यक्तिको काम, कर्तव्य अधिकार देहायबमोजिम हुनेछः-

(क) मन्त्रालय तथा निकायबाट बनाइने योजना, नीति, बजेट तथा कार्यक्रमहरू लैङ्गिक उत्तरदायी बनाउन सहयोग गर्ने,

(ख) लै.स.सा.स.को लागि योजना बनाउनु अगाडि लैङ्गिक विश्लेषण र लैङ्गिक उत्तरदायी बजेटको परीक्षण गर्ने गराउने,

(ग) लैङ्गिक समानता कायम गर्न सहभागिता अभिवृद्धि कार्यक्रम प्रवर्द्धन गर्ने,

(घ) लैङ्गिक मैत्री योजना तथा बजेट बनाउँदा विपन्न, दलित, आदिवासी, सीमान्तकृत, पिछडिएको समुदाय, एकल महिला, लैङ्गिक अल्पसङ्ख्यक, अपाङ्गता भएका समुदाय र महिलाको विशेष आवश्यकतालाई सम्बोधन गर्ने गरी तर्जुमा गर्न सहयोग गर्ने,

(ङ) यस मापदण्डमा भएका सूचकहरुको आधारमा स्वमूल्याङ्कन गरी मन्त्रालय, निकाय वा कार्यालयले तयार गर्ने वार्षिक प्रतिवेदन तयार गर्न समन्वय र सहजीकरण गर्ने,

(च) निर्देशक समिति र लै.स.सा.स. कार्यान्वयन समितिको निर्देशनअनुसारको कार्य गर्ने।

११. **बजेटको व्यवस्था गर्नेः** मन्त्रालय/आयोगले लै.स.सा.स. सम्बन्धी नीति, कार्यक्रम तथा मापदण्ड कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था गर्न सक्नेछन्।

१२. **प्रतिवेदनः** मन्त्रालय र आयोगले सूचकहरुको आधारमा स्व-मूल्याङ्कनसहितको वार्षिक प्रतिवेदन तयार गरी भाद्र मसान्तभित्र लै.स.सा.स. कार्यान्वयन समितिसमक्ष पेश गर्नुपर्नेछ। कार्यान्वयन समितिले सबै मन्त्रालय/आयोग/निकायबाट प्राप्त वार्षिक प्रतिवेदनको आधारमा एकीकृत वार्षिक प्रतिवेदन तयार गरी असोज मसान्तभित्र निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ।

१३. **थपघट वा हेरफेर गर्न सक्नेः** यस मापदण्डमा आवश्यकताअनुसार प्रदेश सरकारले संशोधन गर्न सक्नेछ।

# अनुसूची

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## लैङ्गिक समानता र सामाजिक समावेशीकरणको लागि मूल्याङ्कनका सूचक र मापनका अवस्थाहरू

| क्र.स | क्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० अङ्क आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|---|
| १ | नीति, कानून तथा योजना | कानून तर्जुमा गर्दा लै.स.सा.स.लाई ध्यान पुऱ्याई कार्यटोली निर्माण गर्ने गरेको र कार्यटोलीको सुझावलाई समावेश गर्ने गरेको/ नगरेको। | • कार्यटोली निर्माण गर्ने गरेको<br>• कार्यटोलीको सुझावलाई पूर्ण रूपमा नीति, कार्यविधिमा आदिमा समावेश गर्ने गरेको। | • कार्यटोली निर्माण गर्ने गरेको तर कार्यटोलीको सुझावलाई नीति,कार्यविधि/मापदण्ड/मापदण्ड आदिमा समावेश आंशिक रूपमा मात्रै समावेश गर्ने गरेको। | • कार्यटोली नै गठन हुने नगरेको। | १. गठित कार्यटोलीका सदस्यहरूको विवरणसहितको सूची।<br>२. कार्यटोली बैठकको निर्णय।<br>३. दिइएका सुझावहरू समेटिएको वा कार्यान्वयन भएको भए सोको उदाहरण उल्लेख गर्ने। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | | नीति तथा कानुनमा उल्लेख गरिएका विषयवस्तु र शब्द लै.स.सा.स.मैत्री र समावेशी भएको/नभएको। | • पूर्णरूपमा संवेदनशील, न्यायोचित र समावेशी भएको। | • आंशिक रूपमा संवेदनशील, न्यायोचित र समावेशी भएको। | • विषयवस्तु र शब्दचयन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणले असंवेदनशील भएको। | १. स्वीकृत नीति तथा कानुनी दस्तावेजमा लै.स.सा.स.मैत्री विषयवस्तु समावेश भएको उदाहरण।<br>२.तर्जुमा भएका नीतिगत दस्तावेजको मस्यौदामा लै.स.सा.स.को दृष्टिकोणले उचित शब्द वा वाक्यांश समावेश। | |
| ३ | | लै.स.सा.स.मैत्री कानून बनाउदाँ सरोकारवाला पक्षको सहभागिता र सुझाव सम्बोधन भए/नभएको। | • सुझाव लिने गरेको।<br>• उचित सुझावहरूको सम्बोधन हुने गरेको। | • सुझाव मात्रै लिने गरेको। | • सुझावका लागि अन्तरक्रिया छलफल नै आयोजना गर्ने नगरेको। | १. सरोकारवालासँग भएको बैठकको निर्णयको प्रति।<br>२. बुँदा १ मा भएको निर्णयबमोजिम प्राप्त उचित सुझावलाई नीतिमा समेटिएको कुनै उदाहरण। | |
| ४ | | लै.स.सा.स.मैत्री कानून बनाउँदा सरोकारवालासँग अभिमुखीकरण गर्ने गरेको /नगरेको। | •अभिमुखीकरण गर्ने गरेको। | - | • अभिमुखीकरण गर्ने नगरेको। | १.अभिमुखीकरण कार्यक्रमको प्रतिवेदन।<br>२. अभिमुखीकरणमा भाग लिएका सहभागीहरूको विवरण | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | | कार्यालयमा कर्मचारी तथा सेवाग्राहीमाथि विभेद भएमा सुनुवाइ गर्ने संस्थागत व्यवस्था भए/नभएको। गुनासो तोकिएको समयमै सुनुवाई वा फछ्र्यौट हुने गरे/ नगरेको। | • भएको। • गुनासो प्राप्त भएको भए सोको तोकिएको समयमै सुनुवाई वा फछ्र्यौट भएको। | • गुनासो सुन्ने संस्थागत व्यवस्था भएको तर समयमै सुनुवाई वा फछ्र्यौट हुने नगरेको। | • गुनासो सुन्ने संस्थागत व्यवस्था नभएको। | १. सबैले देख्ने गरी गुनासो सुनुवाईका लागि तोकिएको अधिकारीको विवरण राखिएको। २. प्राप्त गुनासोको समयमै सम्बोधन/फछ्र्यौटका लागि गरेको निर्णय। | |
| ६ | | आवधिक तथा वार्षिक योजना र कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासका लागि नीति तथा कार्यक्रम समावेश गरिएको छ/छैन। | नीति, रणनीति र कार्यक्रम सबै समावेश भएको। | नीति, रणनीति र कार्यक्रममध्ये कुनै एक समावेश गरिएको। | नीति, रणनीति र कार्यक्रम समावेश नगरिएको। | १. स्वीकृत गरेका नीति तथा कानूनी दस्तावेजहरू, आवधिक योजनामा सूचकमा उल्लिखित विषय समेटिएको। | |
| ७ | | मन्त्रालय/कार्यालयले जारी गरेका सबै कानूनहरू सबैको पहुँच हुने गरी आफ्नो निकायको वेबसाइटमा | सबै कानून वेबसाइटमा प्रकाशन गर्ने गरेको। | केही कानून मात्रै वेबसाइटमा प्रकाशन गर्ने गरेको। | कुनैपनि कानून वेबसाइटमा प्रकाशन गर्ने नगरेको। | १. वेबसाइटको Screenshot वा Link | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रकाशन गर्ने गरेको/ नगरेको। | | | | | |
| ८ | | महिला बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरू छ/छैन। | प्रत्यक्ष लाभ पुग्ने योजनाहरू भएको। | योजना भएपनि कार्यान्वयन नभएको। | प्रत्यक्ष लाभ पुग्ने योजनाहरू नभएको। | १. वार्षिक योजना तथा कार्यक्रममा उल्लिखित वर्गलाई प्रत्यक्ष लाभ पुग्ने योजनाका रूपमा साङ्केतिकीकरण भएको। | |
| ९ | | जातीय विभेद, बालविवाह, दाइजो प्रथाजस्ता विभेदजन्य सामाजिक कुरीति हटाउने कार्यक्रमहरू सञ्चालनमा भए/नभएको। | सूचकबमोजिम लक्ष्य हासिल गर्न प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने कार्यक्रमहरू सञ्चालन भएको। | सूचकबमोजिम लक्ष्य हासिल गर्न अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने कार्यक्रमहरू सञ्चालन भएको। | सूचकबमोजिम लक्ष्य हासिल गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने कार्यक्रमहरू सञ्चालन नभएको। | १.वार्षिक बजेट तथा कार्यक्रममा सूचकबमोजिमका लक्ष्य हासिल गर्न सहयोग पुर्याउने कार्यक्रम समावेश भएको प्रमाण। | |
| १० | | महिला विरुद्ध हुने सबै खाले हिंसा तथा सबै खालको लैङ्गिक हिंसा निर्मूल गर्ने कार्यक्रम रहे/नरहेको। | कार्यक्रम रहेको। | कार्यक्रम कार्यान्वयन नभएको। | कार्यक्रम नै नरहेको | १.वार्षिक बजेट तथा कार्यक्रममा सूचकबमोजिमका लक्ष्य हासिल गर्न सहयोग पुर्याउने कार्यक्रम समावेश भएको प्रमाण। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | | दिगो विकासका लक्ष्यहरू प्राप्त हुने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन हुने गरेको/नगरेको। | बजेट विनियोजन हुने गरेको/ | बजेट खर्च नभएको। | बजेट विनियोजन हुने नगरेको। | १.वार्षिक योजना तथा कार्यक्रममा उल्लिखित वर्गलाई प्रत्यक्ष लाभ पुग्ने योजनाको रूपमा साङ्केतिकीरण भएको। | |
| १२ | | लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम् परीक्षण गर्न नियमितरूपमा बजेटको व्यवस्था गरिएको/ नगरिएको | नियमित बजेटको व्यवस्था गरिएको। | कुनै आ.व. मात्रै बजेटको व्यवस्था गरिएको। | बजेटको व्यवस्था नगरिएको। | १.बजेट तथा कार्यक्रममा कम्तीमा तीन आर्थिक वर्षसम्म सम्बन्धित शीर्षकमा बजेट विनियोजन भएको। | |
| १३ | | परीक्षणपश्चात् कार्ययोजना निर्माण गरी कार्यान्वयन भएको / नभएको। | कार्ययोजना निर्माण गरी निर्धारण गरिएका सूचक बमोजिमको पूर्णरूपमा लक्ष्य हासिल भएको। | कार्ययोजना निर्माण गरी निर्धारण गरिएका सूचकबमोजिमको लक्ष्य आंशिक रूपमा मात्रै हासिल भएको। | कार्ययोजना निर्माण गरी कार्यान्वयन नभएको। | १. कार्ययोजना<br>२. कार्ययोजनाको उपलब्धि समीक्षा प्रतिवेदन। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | | निर्णायक तहमा (विभिन्न समिति, कार्यदल आदिमा) महिला तथा बञ्चितीकरणमा परेका समुदायको कम्तीमा पनि ४० प्रतिशत प्रतिनिधित्व रहेको छ, छैन ? | ४० प्रतिशत प्रतिनिधित्व रहेको | ३० प्रतिशत प्रतिनिधित्व रहेको। | ३० प्रतिशत भन्दा कम प्रतिनिधित्व रहेको। | १. समितिहरूको गठनमा महिलाको निर्णायक तहमा सहभागिता भएको पुस्ट्याई। | |
| १५ | संस्थागत व्यवस्था | श्रेणीविहीन तथा प्राविधिक कर्मचारीको करारमा पदपूर्ति गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायको समानुपातिक प्रतिनिधित्व हुन सक्ने रणनीति लिइएको/नलिइएको। | समानुपातिक प्रतिनिधित्वका लागि र रणनीतिक दस्तावेज निर्माण र कार्यान्वयन गरिएको। | रणनीति निर्माण मात्र गरिएको। | समानुपातिक प्रतिनिधित्वका लागि रणनीतिक दस्तावेज निर्माण नगरिएको। | १. रणनीतिक दस्तावेज।<br>२. प्रगति प्रतिवेदन। | |
| १६ | | लै.स.सा.स. हेर्ने एकाई/शाखा/ डेस्क/ सम्पर्क व्यक्ति र | एकाई/शाखा/ डेस्क/ सम्पर्क व्यक्ति र कार्यविवरण | एकाई/शाखा/ डेस्क/ सम्पर्क व्यक्ति भएको तर कार्यविवरण भएको तर कार्यविवरण नतोकिएको। | एकाई/शाखा/डेस्क/ सम्पर्कव्यक्ति नभएको र | १. एकाई/शाखा/ डेस्क/ सम्पर्क व्यक्ति<br>२. कार्यविवरण | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कर्यविवरणसमेत भएको/ नभएको। | भएको तोकिएको। | | कार्यविवरण पनि नभएको। | ३. सम्पर्क व्यक्तिको नाम। | |
| १७ | | लैङ्गिक हिंसा, दुर्व्यवहार वा अन्य कुनै खाले हिंसा गुनासो सुन्ने प्रणाली/संयन्त्रको व्यवस्था भए/नभएको र गुनासो सुनुवाई हुने गरेको वा नगरेको। | प्रणाली/संयन्त्रको व्यवस्था भएको र गुनासो सुनुवाइ हुने गरेको। | प्रणाली/संयन्त्रको व्यवस्था भएको तर गुनासो सुनुवाइ हुने नगरेको। | प्रणाली/संयन्त्रको व्यवस्था नभएको। | १.गुनासो सुन्ने प्रणाली वा संयन्त्र।<br>२.गुनासो सुनुवाइको अभिलेख तथा प्रतिवेदन। | |
| १८ | | अति गरिब तथा लोपोन्मुख समुदायको व्यक्तिलाई सहुलियतपूर्ण सेवाप्रवाह गर्ने गरे /नगरेको। | सहुलियत सहित सेवा प्रवाह गर्ने गरेको। | सेवा मात्र राखिएको। | सेवाप्रवाह गर्ने नगरेको। | १. सहुलियतपूर्ण सेवा प्रदान गर्ने सम्बन्धी व्यवस्था (निर्णय/कानून/कार्यविधि) | |
| १९ | मानव संसाधन तथा क्षमता विकास | लै.स.सा.स. विकासका लागि क्षमता विकास योजना तयार भएको छ / छैन र | क्षमता विकास योजना तयार भएको र कार्यान्वयनको लागि बजेट | क्षमता विकास योजना तयार भएको। तर योजना कार्यान्वयनको लागि बजेट विनियोजन नभएको। | क्षमता विकास योजना तयार नभएको। | १. क्षमता विकास योजना<br>२. वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन बजेट। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन भएको छ /छैन। | विनियोजन भएको। | | | | |
| २० | | कार्यालयले कर्मचारीहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी क्षमता अभिवृद्धि गर्ने गरेको छ/छैन। | लै.स.सा.स. सम्बन्धी क्षमता अभिवृद्धि गर्ने गरेको | लै.स.सा.स. सम्बन्धी विषय नछोएको। | क्षमता अभिवृद्धि नै गर्ने नगरेको। | १.वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजन भएको।<br>२.क्षमता विकाससम्बन्धी लै.स.सा.स.कार्यक्रम प्रतिवेदन। | |
| २१ | | तालिमको गुणस्तर, सम्बन्धमा पृष्ठपोषण लिने गरिएको/ नगरिएको र उचित पृष्ठपोषणको सम्बोधन भए/ नभएको। | तालिमको गुणस्तर, सम्बन्धमा पृष्ठपोषण लिने गरिएको र उचित पृष्ठपोषणको सम्बोधन गरी आगामी तालिम | तालिमको गुणस्तर, सम्बन्धमा पृष्ठपोषण लिने गरिएको तर उचित पृष्ठपोषणको सम्बोधन गरी आगामी तालिम सञ्चालन नगरिएको। | केही नै नगरिएको। | १. तालिम प्रशिक्षार्थीबाट प्राप्त Feedback Sheet।<br>२.Feedback Sheet मा उल्लिखित उचित सुझाव सम्बोधन भएको/ सुधारिएको पक्ष के हो सो उल्लेख गर्ने। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सञ्चालन गरिएको। | | | | |
| २२ | | तालिमको प्रस्तुतीकरणमा लै.स.सा.स. संवेदनशील भाषाको प्रयोग भएको/नभएको। | प्रस्तुतीकरण र भाषा दुवै भएको। | लै.स.सा.स. प्रस्तुतीकरण तर संवेदनशील भाषा नभएको। | केही नै नभएको। | १. प्रस्तुतीकरण।<br>२. संवेदनशील भाषा। | |
| २३ | | लै.स.सा.स.मैत्री कानूनी प्रावधानहरूका विषयमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन भएको/नभएको। | सचेतनामूलक कार्यक्रमहरू सञ्चालन भएको। | कार्यक्रम सञ्चालन नभएको। | कार्यक्रमहरू नै व्यवस्था नगरिएको। | १. कार्यक्रम प्रतिवेदन। | |
| २४ | महिला, अपाङ्ग, बालबालिकामैत्री | महिला, अपाङ्गता तथा बालमैत्री संरचना तयार गर्न मापदण्ड तयार भए/नभएको। | भौतिक संरचना मापदण्ड तयार भएको। | तयार तर संरचना तयार नभएको। | कुनै नभएको। | १. स्वीकृत मापदण्ड<br>२. भौतिक संरचनाको तस्विर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५ | | भौतिक संरचना अपाङ्गमैत्री तथा बालमैत्री भवन /शौचालय/व्हिलचेयर गुडाउने प्रबन्ध आदि भएको नभएको। | भएको। | आंशिकरूपमा केही संरचना अपाङ्गमैत्री भएको। | कुनै नभएको। | १. भवनको स्वीकृत डिजाइन अपाङ्गमैत्री भएको तथा सूचकमा उल्लिखित कुराहरू भएको। | |
| २६ | | महिला तथा समावेशी समूहबाट निर्वाचित भएका जनप्रतिनिधिहरू र कार्यरत कर्मचारीलाई नेपालको संविधान, मुलुकी संहिता (फौजदारी र देवानी) र अन्य विषयगत कानूनहरू बारे अभिमुखीकरण भएको/ नभएको। | गर्ने गरेको। | - | नगरेको। | १. वार्षिक बजेट तथा कार्यक्रम<br>२. अभिमुखीकरण कार्यक्रम आयोजना भएको प्रमाण/प्रतिवेदन आदि। | |
| २७ | | महिला र पुरुष कर्मचारीको लागि न्यूनतम सुविधा (सफा, पानीको | न्यूनतम् सुविधासहितको छुट्टै शौचालयको व्यवस्था भएको। | छुट्टै शौचालयको व्यवस्था भएको तर न्यूनतम् सुविधा नभएको। | छुट्टै शौचालयको व्यवस्था नभएको। | १.निर्माण सम्पन्न महिला पुरुष कर्मचारीको लागि छुट्टाछुट्टै शौचालय। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | व्यवस्था, बत्ती, डस्टविन, बेसिन र साबुन/ ह्यान्डवासको व्यवस्था/ स्यानिटरी प्याड आदि)सहितको छुट्टै शौचालयको व्यवस्था। | | | | २.न्यूनतम् सुविधा भए नभएको निरीक्षण गरी एकीन गर्ने। | |
| २८ | | अपाङ्गमैत्री, बालमैत्री भवन, शौचालय, खानेपानीको व्यवस्था आदि भए/नभएको। | अपाङ्गमैत्री, बालमैत्री भवन, शौचालय, खानेपानीको व्यवस्था आदि भएको। | आंशिकरूपमा भएको। | अपाङ्गमैत्री, बालमैत्री भवन, शौचालय, खानेपानीको व्यवस्था नभएको। | १.निर्माण सम्पन्न अपांगमैत्री, बालमैत्री भवन, शौचालय, खानेपानीको संरचनाहरू।<br>२.निर्माणाधीन अपाङ्गमैत्री, बालमैत्री भवन, शौचालय, खानेपानीको संरचनाहरू। | |
| २९ | | गर्भवती तथा सुत्केरी कर्मचारीहरूको लागि आराम गर्ने कक्ष तथा स्तनपान कक्ष भए/नभएको। | कक्ष भएको। | - | कक्ष नभएको। | १.व्यवस्थित आराम कक्ष तथा स्तनपान कक्ष। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३० | | २ वर्षसम्मका बालबालिका भएका महिला कर्मचारीको लागि शिशु स्याहार तथा स्तनपान गर्ने समय व्यवस्था भए/ नभएको। | व्यवस्था भएको। | - | नभएको। | १.शिशु स्याहार तथा स्तनपान गर्ने समय व्यवस्थापन गर्नेसम्बन्धी निर्णय र सोको कार्यान्वयन। | |
| ३१ | | मन्त्रालय/कार्यालयमा यौन शोषण तथा दुर्व्यवहार सम्बन्धी नीति र आचार संहिता निर्माण गरी कार्यान्वयन गरिएको /नगरिएको। | नीति र आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याएको। | - | दुर्व्यवहार सम्बन्धी नीति र आचार संहिता निर्माण नगरिएको। | १. नीति तथा आचारसंहिता। | |
| ३२ | | मन्त्रालय/कार्यालयमा यौन शोषण तथा दुर्व्यवहार सम्बन्धित गुनासो सुन्ने अधिकारीको व्यवस्था भएको /नभएको। | गुनासो सुन्ने अधिकारीको व्यवस्था भएको। | - | गुनासो सुन्ने अधिकारीको व्यवस्था नभएको। | १. गुनासो सुन्ने अधिकारीको विवरण।<br>२. निर्णय वा जिम्मेवारी तोकिएको पत्र। | |
| ३३ | सुशासन | सुशासन प्रवर्द्धनमा प्रत्यक्ष भूमिका खेल्ने | निर्माण भएको। | | निर्माण नभएको। | १. स्वीकृत नीति। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विधिको शासन, समावेशी सहभागिता, भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता, सेवा प्रवाहमा निष्पक्षता जस्ता नीति/ रणनीति / मापदण्ड कार्यान्वयनमा ल्याए /नल्याएको। | | | | | |
| ३४ | | मन्त्रालय/कार्यालयले कानुनबमोजिम कार्यक्रमको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरेको/नगरेको। | गर्ने गरेको। | कानूनमा तोकिएको सङ्ख्यामा आयोजना नभएको। | गर्ने नगरेको। | १. कार्यक्रम सम्बन्धी विवरण/सोको प्रतिवेदन/समाचार। | |
| ३५ | | स्थानीय रेडियो, एफ.एम र छापाम माध्यमद्वारा लैङ्गिक समानता तथा | सुसूचित गर्ने गरेको। | - | सुसुचित गर्ने नगरेको। | १.सूचना प्रवाह/प्रसारण भएको प्रमाण। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सामाजिक समावेशीकरणसम्बन्धी सूचना प्रवाह गरी सुसूचित गर्ने गरे/नगरेको। | | | | | |
| ३६ | | स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रसारण गर्ने गरे / नगरेको। | गर्ने गरेको। | सूचना मात्र दिइने वा प्रसारण मात्र गर्ने गरेको। | गर्ने नगरेको। | १. स्थानीय भाषामा प्रसारण भएको प्रमाण। | |
| ३७ | | कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण नियमितरूपमा गर्ने गरे/नगरेको । | गर्ने गरेको। | सबै कार्यक्रमको विश्लेषण नगरी कुनै कार्यक्रमको मात्रै आंशिक रूपमा विश्लेषण गर्ने गरेको। | गर्ने नगरेको। | १.सरोकारवालासँग गरेको छलफलको लाभ, असर र प्रभावको विश्लेषण सहितको अनुगमन तथा मूल्यांकन प्रतिवेदन। | |
| ३८ | | मन्त्रालय/कार्यालयले अनुगमन तथा | समावेश गर्ने गरेको। | - | समावेश गर्ने नगरेको। | १.मूल्याङ्कनका सिकाईबाट परिमार्जनसहित | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | मूल्याङ्कनका सिकाइहरू कार्यक्रम तयार गर्दा समावेश गर्ने गरे/नगरेको। | | | | कार्यान्वयन भएको कार्यक्रमको प्रतिवेदन। | |
| ३९ | | मन्त्रालय/कार्यालयले आफ्नो क्षेत्रका लैङ्गिकता, जात, धर्म, उमेर, अपाङ्गता तथा अन्य आवश्यकताका आधारमा खण्डीकृत तथ्याङ्क राख्ने गरे/नगरेको तथा अद्यावधिक गर्ने गरेको/नगरेको। | खण्डीकृत तथ्याङ्क राख्ने गरेको तथा अद्यावधिक गर्ने गरेको। | खण्डीकृत तथ्याङ्क राख्ने गरेको तर अद्यावधिक गर्ने नगरेको। | खण्डीकृत तथ्याङ्क राख्ने तथा अद्यावधिक गर्ने नगरेको। | १.खण्डीकृत तथ्याङ्कसहितको प्रोफाइल। | |
| ४० | | मन्त्रालय/कार्यालयले खण्डीकृत तथ्याङ्कको विश्लेषण र नीति तथा योजना तर्जुमामा प्रयोग गर्ने गरेको। | खण्डीकृत तथ्याङ्कको विश्लेषण र नीति तथा योजना तर्जुमामा प्रयोग गर्ने गरेको। | - | मन्त्रालय/कार्यालयले खण्डीकृत तथ्याङ्कको विश्लेषण र नीति तथा योजना तर्जुमामा प्रयोग गर्ने नगरेको। | नीति तथा योजना तयारीमा खण्डीकृत तथ्याङ्कको प्रयोग। | |

**नोटः** कूल ५ वटा क्षेत्र रहेको र यस लेखाजोखामा ४० वटा सूचकहरू रहेका छन्। प्रत्येक सूचकमा समान १ पूर्णाङ्क रहेको छ।

## सबल पक्ष र सुधार गर्नु पर्ने पक्षहरू

| विषयगत क्षेत्र | सबल पक्षहरू | सुधार गर्नुपर्ने क्षेत्रहरू | अवसर | चुनौती |
|---|---|---|---|---|
| नीति, कानून, योजना | | | | |
| संस्थागत व्यवस्था | | | | |
| मानव संसाधन तथा क्षमता विकास | | | | |
| लैङ्गिकमैत्री भौतिक संरचना तथा सामाजिक समावेशी कार्यस्थल | | | | |
| सुशासन तथा उत्तरदायित्व | | | | |

## कार्ययोजना

| विषयगत क्षेत्र | | अवस्था सुधारको लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | प्रासाङ्क | | | | |
| नीति, कानून, योजना | | १.१ | | | |
| | | १.२ | | | |
| | | १.३ | | | |
| संस्थागत व्यवस्था | | २.१ | | | |
| | | २.२ | | | |
| | | ३.१ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| मानव संसाधन तथा क्षमता विकास | | ३.२ | | | |
| | | ३.३ | | | |
| लैङ्गिकमैत्री भौतिक संरचना तथा सामाजिक समावेशी कार्यस्थल | | ४.१ | | | |
| | | ४.२ | | | |
| | | ४.३ | | | |
| सुशासन तथा उत्तरदायित्व | | ५.१ | | | |
| | | ५.२ | | | |
| | | ५.३ | | | |

**आज्ञाले,**

**हुमकला पाण्डे**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रू.१५।-